# स्थानीय राजपत्र

## गल्छी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : १     सङ्ख्या : ५     मिति : २०७४/१२/३०

## भाग : २

## गल्छी राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तवना :**

नेपालको संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम निर्देशिका कार्यविधि तथा मापदण्ड गल्छी राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, पहिलो पटक गल्छी राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, गल्छी राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न गल्छी राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, गल्छी राजपत्र प्रकाशन गर्ने अधिकारीको

सम्बन्धमा व्यवस्था गर्न, गल्छी राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री बितरणको प्रबन्ध गर्न गल्छी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम गल्छी गाउँपालिकाको मिति २०७४ चैत्र १४ गतेमा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

**भाग – १**

**प्रारम्भिक**

१. **कार्यविधिको नाम**: यस कार्यविधिको नाम गल्छी राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ रहेको छ ।

२. **कार्यविधि लागु हुने** : यो कार्यविध गल्छी गाउँपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

**भाग – २**

**गल्छी राजपत्रको भाग र ढाँचा**

३. **गल्छी राजपत्रको भागहरु :** गल्छी राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसुचि-१ बमोजिमका भागहरुमा वर्गिकरण गरिएको छ ।

४. **गल्छी राजपत्रको ढाँचा** : गल्छी राजपत्रको ढाँचा अनुसुचि -२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था**: गल्छी राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७५ साललाई १, २०७६ साललाई २) कायम गरी त्यसपछी क्रमश जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **गल्छी राजपत्रको संख्या** : (१) गल्छी राजपत्रको संख्या कायम गर्दा क्रमश संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली वर्षलाई आधारमानी सो वर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमश संख्या राखी अर्को वर्ष सुरु भएपछि नयाँ संख्याबाट सुरु गरिनेछ।

७. **गल्छी राजपत्रमा प्रकाशन गर्ने सामाग्री:** गल्छी राजपत्र प्रकाशन गर्दा विषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग -१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामाग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावना देखि अन्तिम सम्म )को सम्पुर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **गल्छी राजपत्र प्रकाशन गर्ने अधिकारी**: गल्छी राजपत्र गल्छी गाउँपालिकाको प्रमुख प्रशासीय अधिकृतको आदेश अनुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले" भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्याश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग- ३
## गल्छी राजपत्रको प्रकाशन अभिलेख तथा वितरण

९. **गल्छी राजपत्र प्रकाशनको जिम्मेवारी**: (१) कार्यपालिकाले कुनै शाखा वा एकाईलाई गल्छी राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाईबाट मात्र गल्छी राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने** : (१) प्रकाशन हुने सामाग्री गाउँ कार्यपालिकाको कानुन सम्बन्धी विषय हेर्ने शाखा वा एकाईबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा एकाईमा पठाईनेछ ।

११. **गल्छी राजपत्रको अभिलेख व्यवस्थापन**: (१) प्रमाणिकरण भई आएका सामाग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम गल्छी राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामाग्रीको सिलसिलेबार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने**: गाउँपालिकाले गल्छी राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निशुल्क रुपमा उपलब्ध गराईनेछ :

क. नेपाल सरकार र प्रदेश सरकारको संघिय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

ख. जिल्ला समन्वय समिति,

ग. गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

घ. सम्बन्धित विभाग महाशाखा शाखा,

ङ. गाउँपालिकाका प्रत्येक वडा कार्यालय

१३. **<u>वेभ साईटबाट सार्वजनिक गर्नुपर्ने</u>** गाउँपालिकाबाट प्रकाशित गल्छी राजपत्रलाई गाउँपालिकाको वेभ साईटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **बिक्रि वितरणको व्यवस्था तथा बिक्री मूल्य** : (१) प्रकाशित गल्छी राजपत्र गाउँपालिकाका वडाहरु र गल्छी गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाई मार्फत विक्री वितरणको व्यवस्था मिलाईनेछ ।

(२) गल्छी राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ ।

**क.** **<u>बार्षिक सदस्य बनाई बिक्री गर्दा</u>** : वडा कार्यालय वा गाउँपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षीक रु ५९० (पाँच सय नब्बे मात्र)

**ख.** **<u>खुद्रा बिक्री गर्दा</u>**: गल्छी राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले गल्छी राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखी ८ पेज सम्म एक प्रतिको रु ५ मात्र
- ९ देखी २४ पेज सम्म एक प्रतिको रु १० मात्र
- २५ देखी ४० पेज सम्म एक प्रतिको रु १५ मात्र
- ४१ देखी ५६ पेज सम्म एक प्रतिको रु २० मात्र
- ५७ देखी ७२ पेज सम्म एक प्रतिको रु २५ मात्र
- ७३ देखी ९६ पेज सम्म एक प्रतिको रु ५० मात्र
- ९७ देखी ८ बढि जति पेज हुन्छ त्यसमा थप प्रति पेज ५० पैसाका दरले थप शुल्क लिईनेछ ।

गाउँ कार्यपालिकाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।

१५. **बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने** : गल्छी राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. **कार्यविधिको व्याख्या :** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै दुविधा उत्पन्न भएमा गाउँपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **बचाउ** : यो कार्यविधि लागु हुनु भन्दा अगावै गाउँपालिकाले पारित गरी लागु गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

अनुसूची १

(दफा ३ सँग सम्बन्धित)

**गल्छी राजपत्रमा प्रकाशन गर्ने बिषयवस्तु र भागहरु**

भाग १

यस भागमा गाउँ सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐनहरु प्रकाशन गरिनेछ ।

भाग २

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली निर्देशिका कार्यविधि मापदण्ड नियम तथा नेपाल सरकार प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

अनुसुची २

(दफा ४ तथा अनुसुची-१ को भाग-१ सँग सम्बन्धित)

गल्छी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड संख्या मिति

भाग १

ऐन तथा सभाले बनाएको नियमको सम्पुर्ण व्यहोरा

आज्ञाले

नाम

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची २

(दफा ४ तथा अनुसुची-१ को भाग-२ सँग सम्बन्धित)

गल्छी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड संख्या मिति

भाग २

कार्यपालिकाबाट जारी नियमावली निर्देशिका कार्यविधि मापदण्ड तथा नेपाल सरकार प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले

नाम

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

दिपेन्द्र रेग्मी

प्रमुख प्रशासकीय अधिकृत